

# मास्कोबाट फर्कंदा

चन्द्र कान्त आचार्य

प्लेन उड्यो, रातीको समय थियो, मास्कोको वरिपरि झिलिमिली बत्ती बलेको देखियो। नेपाल फर्कने केही अरू साथीहरूमध्ये दर्शन पनि थियो। सबैजना छुट्टाछुट्टै सिटमा बसे र सबै आ-आफ्ना बितेका समय र साथीहरूको सम्झनामा हराए। रमेशको मन पुनः मास्कोमै ओर्लियो। उसले सोंच्यो मास्कोका ठूलाठूला बाटोहरूमा 'ना लेवा' र 'ना प्रावा' गर्दै ड्राइभरलाई निर्देशन दिने जोशिला साथीहरू त नेपालमै भेटिएलान्। कीभ जाने रेलमा खाने कुरा दिने ती सोभियत परिवारहरू कहाँ होलान्? "छयोर्निय् ज्याज्या" लाई घर लैजान ढिपी गर्ने सानी केटी कत्री भइहोली? लेनिनग्राडको रेस्टुराँमा त्यति आत्मीयता देखाएर खाना ख्वाएकी र धेरै रमाइला कुरा गरेकी ती अमेरिकी युवतीले आफ्नो थेसिस्‌लाई कस्तो मोड दिइहोलिन्? आदि अनौठा अनौठा कुराहरू उसको मनमा आए। उसले मास्को उत्रेदेखि कीभ गएको, विभिन्न समयमा आरामगृहहरूमा सम्पर्कमा आएका साथीहरू, मीन्स्कदेखि लेनिनग्राडसम्मको यात्रामा पाएको न्यानो सत्कार र चिठी लेखिरहने लात्बियाकी ती साथी र अन्य साथीहरू सबैलाई सम्झ्यो। त्यसपछि ऊ पुग्यो आफ्नो क्लासमा र ती सबै साथीहरूका अनुहार सम्झ्यो। पाँच वर्षपहिले क्लासमा पहिलो दिनदेखि नै ऊसँग टाँस्सिन खोज्ने ती केटीहरू पाँच वर्ष सिद्धिएर बिदाइ हुने बेलासम्म ऊप्रति त्यत्तिकै उदार र त्यत्तिकै मायालु रहे। बिदाइ पार्टीको दिन फोटो खिच्ने बेलामा उनीहरू सबैले एक अर्कोसँग अँगालोमा कस्सिएर फोटो खिचाउँदै थिए। त्यहाँ हुनुहुन्थ्यो एकजना पाको उमेरकी प्रोफेसर इरिना। उनीहरूको क्लास हेर्ने जिम्मा उहाँको थियो, सबैलाई उहाँ छोराछोरीजस्तै माया गर्नुहुन्थ्यो। पटकपटक उहाँले पूरै क्लासका विद्यार्थीहरूलाई घरमा बोलाउनुभएको थियो। उहाँले भन्नुभएको थियो "त्यसरी फोटो नखिचाउ, रमेशलाई नेपालमा देखाउन असजिलो हुन्छ।" तर साथीहरूले मानेनन् र धेरै फोटोहरू उहाँले टिप्पणी गरेजस्तै निस्के। तर सबैले त्यस्ता फोटोहरू हानथाप गरेर लिए। रमेशले पनि धेरै फोटो आफ्नो एलबममा राखेको छ। ती साथीहरू हँसिला थिए, तर छुट्टिने दिन सबैको लागि असह्य भयो, सबै उदास चेहरा लिएर भरिएका आँखासहित छुट्टिएका हुन्, को कहाँ पुगे होलान् र के गर्दै होलान्? त्यो परम मित्र 'द्रुग' कुन ठाउँमा पुगे होला? भनेर रमेशलाई अति नै नरमाइलो लाग्यो। उसले सोंच्यो- त्यत्रो मिलनको घडी के यस्तै विछोड हुनको लागि आएको थियो? अब यस ६ वर्षको उपलब्धि के त? कता कता उसको मनले भन्न खोज्यो "६ वर्षको उपलब्धि त यही डिप्लोमा त हो, त्यसमा पनि रेड डिप्लोमा, विथ् अनर्स।" 'अहँ', रमेशले मनेन, उसलाई यस डिप्लोमाले सन्तोष दिन सकेन, उसले ६ वर्षको यस रमाइलो जिन्दगीको सारांशमा रेड डिप्लोमालाई लिन सकेन। यति टाढा यति ठूलो देशमा आएर यति धेरै वर्ष लगाएर एउटा डिप्लोमा लिने मात्र उसको उद्देश्य थियो जस्तो लागेन। के उद्देश्य थियो त? के ऊ यतै हराउने विचारमा थियो? अहँ, होइन उसले स्पष्ट शब्दमा इन्कार गर्‍यो ऊ यतै बस्ने विचारमा थिएन। उसलाई अहिले जे जति असजिलो लागेको छ त्यो सबै साथीहरूको सम्झना आएर हो। सारांशमा भन्ने हो भने उसले यहाँ धेरै साथी कमायो। तर उसलाई सबैजना यसरी विछोड हुन परेकामा सन्तोष छैन। अन्तमा यो जीवन नै विछोड हुनको लागि हो भनेर उसले आफ्नै मनलाई सम्झाउन खोज्यो र एकछिन अँध्यारोमा बाहिर हेरिरह्यो। एकछिनपछि उसले सोंच्यो कि यो प्लेन युक्रेनमाथिबाट उडिरहेको छ होला, अनि मात्र उसको ध्यान युक्रेन नारीपट्टि गयो र झोलाबाट त्यो पत्रिका निकाल्न खोज्यो। तर त्यो पत्रिका थिएन। उसलाई याद भयो त्यो पत्रिका धेरैजनाले लिएर गएका थिए। अन्तमा जसले लगेका हुन् उनीसँग उसले लिन बिर्स्यो र उनी आफ्नो घर गइसके। उसलाई साह्रै दुःख लाग्यो। त्यो पत्रिका उसले घर पुर्‍याउने विचार गरेको थियो। सबैलाई देखाउन मन लागेको थियो कि त्यो युक्रेन नारी उसको साथी हो। तर दुर्भाग्य, यसरी ६ वर्ष बिताएर घर फर्कंदा उसको हात रित्तै रह्यो। ऊ उदास भएर बाहिर अन्धकारमै हराउन चाहेको थियो कि उसलाई कुनै कुराको याद आयो। ऊ होस्टेलबाट हिंड्ने बेलामा "तिम्रो चिठी आएको रहेछ" भन्दै एकजना विद्यार्थीले एउटा चिठी दिएका थिए। त्यो चिठी नेपालबाट आएको थियो। ऊ नेपाल फर्कंदै थियो, त्यसैले अरू कामको अलमलमा भएकोले खल्तीमा राखेको थियो। अहिले पनि

उसले सोंच्यो “यताको सम्झना र वेदनाको बेलामा नेपालको चिठीको के महत्त्व भयो र, भोलि दिउसो पुगिहालिन्छ ।” तर पनि के विचारले हो उसले खल्तीबाट चिठी निकाल्यो । खाममा उसले हेरेकै रहेनछ, यी त श्रुति दाइका अक्षर हुन् । उहाँको चिठी, त्यो पनि यस्तो घर हिंडिसक्ने बेलामा भनेर ऊ अचम्म पऱ्यो । यो चिठी अवश्य महत्त्वपूर्ण छ भनेर सावधानीपूर्वक उसले चिठी खोल्यो । ऊ दंग पऱ्यो, भित्र अत्यन्त राम्रा रस्सियन अक्षरमा लेखेको थियो । शुरुमा “मोय् दरगोय् द्रुग” (मेरो प्यारो साथी) भनेर सम्बोधन गरिएको थियो । त्यत्ति मात्र हेरेर रमेशले अन्तिममा नाम हेर्न छिटोछिटो पाना पल्टायो । अन्तमा लेखिएको थियो ‘लेना’ । उसको मुटुको गति नै बन्द होला जस्तो भयो । वरिपरि हेऱ्यो जताततै उज्यालै उज्यालो लाग्यो । बाहिरको अन्धकारमा पनि जमिनतिर हेर्दा कता कता झिलिमिली बत्ती बलेका बस्तीहरू देखिए जस्तो लाग्यो । अनि उसलाई चिच्याएर कराउँदै भन्न मन लाग्यो “लेना, मैले तिम्रो चिठी पाएँ ।” त्यसपछि ऊ चिठीको शुरुमा आयो र पढ्न शुरु गर्नुभन्दा पहिले उसले खाम हेऱ्यो । खाममा उनै अति नै राम्रा अंग्रेजी अक्षर थिए । उसका आँखा रसाए । उसले फेरि चिठीका रस्सियन अक्षर हेऱ्यो । दुवै अक्षरहरू अत्यन्त राम्रा थिए र मुख्य कुरा दुईथरि अक्षरहरू नै उसको लागि अति प्रिय थिए । उसले मनमनै भन्यो “लेना, तिम्रो चिठी मेरो सुन्दरगाउँमा पुगेर आयो ।” उसले मनमनै श्रुति दाइको प्रशंसा गऱ्यो । उसलाई लाग्यो कि यो चिठी र यसका अक्षर देख्नेबित्तिकै श्रुति दाइले बुझिहाल्नुभयो कि यो चिठी भाइलाई यसैबेला जरुरी हुन्छ र उहाँले पठाइदिनुभयो । यस्तो काम उहाँले मात्र गर्न सक्नुहुन्छ भनेर उसले धेरै बेर खामका अक्षर नै हेरेर दाइलाई सम्झिरह्यो र रूसी भाषामा लेखिएको चिठी पढ्न शुरु गऱ्यो ।

“मेरो प्यारो साथी रमेश,

म धेरै ढिलो घर आएँ । तिमी आफ्नो थेसिस् सकेर घर फर्किसकेको हुनुपर्छ । त्यसैले यो चिठी तिमीले दिएको नेपालको ठेगानामा पठाउँदैछु । हुन सक्छ तिमी नपुग्दै यो चिठी पुगोस् र अरूहरूसँगै तिम्रो घरमा मैले पनि तिम्रो प्रतीक्षा गर्न पाउँ ।

मलाई कुनै दिन तिमी अवश्य आउनेछौ भन्ने थियो, त्यसैले तिमी आएकोमा म आश्चर्यमा परिन, बरु तिमी चाँडै नआएको र चिठी नलेखेकोमा म रिसाएकी थिएँ । तर तिमी आएर मेरो आमासँग जसरी बस्यौ, मेरो प्यारो साथी, दुनियाँमा कुनै साथीले गर्न नसक्ने काम गऱ्यौ । तिम्रा सबै कुरा बताउँदै आमा रुनुभयो र म पनि धेरै रोएँ । तिमीले कीभबाट रेलमा मास्को जाँदा मलाई सम्झेको कुरादेखि यहाँ आउने स्टेसनमा टिकट किन्ने बेलामा मलाई सम्झेको कुरा आमालाई कसरी बताएका थियौ मलाई थाहा भएन तर आमाले एउटा उपन्यास नै बनाउनुभएछ । आमा त्यो उपन्यास पढ्नुहुन्छ र म रुन्छु । तिमीले उपाधि दिएकी “महान् युक्रेन नारी” तिमीलाई सम्झेर धेरै रोई । आमाले शुरुमा सोच्नुभएको रहेछ, म र नाद्या नभएपछि तिमी एकछिन बसेर भोजन गरेर फर्कन्छौ होला, तर तिमीले त यहीं बस्ने र बजार जाने कुरा गर्दा उहाँ अचम्म पर्नुभएछ । बेलुकी त तिमी यति खुशी थियौ रे उहाँले आँखामा आँसु लिएर भन्नुभयो कि उहाँसँगै बसेर त्यति खुशी भएर खाने पिउने कसैले गरेको थिएन । मेरो प्यारो साथी, तिमी कसरी यति असल हुन सक्यौ ? म तिमीलाई धन्यवाद भन्न पनि सक्तिन किनकि तिमी धन्यवाद दिनेभन्दा धेरै माथिको मानिस हौ । म यत्ति मात्र कामना गर्दछु कि संसारभरिका छोराछोरीहरू आमाहरूसँग यसरी नै खुशी रहन सकून्, जसरी तिमी मेरो आमासँग खुशी भएर बस्यौ ।

तिमीले आमासँग आफ्नो भावी पत्नीको लागि लकेट किनिदिएको कुरा गरेका रहेछौ । मलाई त त्यो कुरा सुनेर कताकता त्यो लकेट हेर्न अति मन लागेर आयो । तिमीले त्यो सानो उमेरदेखि कल्पना गरेर राखेको सुन्दर तस्वीरको लागि कस्तो लकेट किनेका हौला । तिमी मास्को छँदै म यहाँ आइपुगेकी भए म अवश्य आउँथें होला र त्यो लकेट हेरेर अनुमान गर्ने थिएँ होला कि त्यो तिम्रा मुटुमा राखेको मानिस कस्तो हुनेछ । मैले धेरैपटक सोचें धेरै साथीहरूसँग तिम्रो कुरा गरें र सबैले तिम्रो विचारलाई अत्यन्त प्रशंसा गरें । मलाई यत्ति मात्र शंका थियो, तिमी आफ्नो विचारमा अडिग रहन सक्छौ कि सक्तैनौ तर तिमी त यति महान् रहछौ, तिम्रो बारेमा शंका गर्नु नै व्यर्थ रहेछ । अब म विश्वस्त छु, तिमीले आफूले कल्पना गरेको मानिस अवश्य भेटाउनेछौ । अन्यथा, त्यो लकेट मलाई पठाइदिनेछौ कि ? के पठाइदिन्थ्यौ, मलाई त “महान् युक्रेन नारी” को उपाधि दिइहाल्यौ नि ! सके, नेपाल नारी बन्न खोजेकी थिई भनेर डराएर हो कि ?

मेरो प्यारो साथी, मैले सानो मजाक गरें, नरिसाउ है। वास्तवमा मैले तिमीसँग धेरै मजाक गर्न चाहेकी थिएँ। एकातिर तिमीले मलाई अलि परिपक्व सम्झेर टाढिन खोजेका छौ कि जस्तो लाग्यो भने अर्कोतिर तिम्रा अलि दार्शनिक किसिमका कुरा सुनेर मलाई रिस उठ्थ्यो र कुनै कुनै बेला हामीहरू रेलमा नबोलेर नै बसेका हौं जस्तो लाग्छ। मेरो घरमा र साथीहरू कहाँ नाच्दा र साथीहरू कति मजाक गरेर मस्की मस्की तिमीसित गफ गर्थे, लड्थे तर म त त्यत्तिकै एक किसिमले इर्ष्या गरेर नै बसें। त्यतिबेला त मैले तिमीलाई घरमा ल्याउनुको बदला कतै अरू ठाउँमा गएर तिमीसँग गफ गरेर बसेको भए, कतै कन्सर्टमा गएर तिमीसँग रातभरि नाचेको भए या कतै सिनेमामा तिमीसँग गएको भए हुन्थ्यो जस्तो पनि लागेको थियो। पछि तिमी मास्को जाने बेलामा धेरैपटक मेरो कोठामा आएको र मसँग भेट हुन नपाएकोमा साह्रै दुःखित भयौ भन्ने कुरा साथीहरूले भनेपछि म यति रोमाञ्चित भएकी थिएँ, सके मैले धेरै पहिलेदेखि तिमीबाट त्यस्तो आशा गरेकी रहेछु। त्यसपछि म तुरुन्तै स्टेसन दौडेकी हुँ, तर मेरो भाग्य नै त्यस्तो थियो कि मेरो प्यारो साथीलाई गाडीले खोसेर लग्यो, म हेरेको हेर्‍यै भएँ। अब म प्रशन्न छु, तिमीले म प्रति देखाएको माया र यसरी कायम गरेको अन्तर्राष्ट्रिय ममताको उदाहरणलाई म विद्यार्थी जीवनका पुराना कुरासँग तुलना गर्न चाहन्न। अब हामी परिपक्व भयौं। मभन्दा तिमी कान्छो भए पनि तिमीले नै बढी परिपक्वता देखायौ र हाम्रो सम्बन्धलाई यति पवित्र र यति आत्मीय बनाएर आफ्नो देश गयौ। यसको लागि म हार्दिक धन्यवाद दिन्छु। मैले भनेको “दस्विदानिया” भन्ने शब्दलाई तिमीले त्यति मीठो मानेर मास्को जाने रेलमा अत्यन्त भावुक भएको कुरा आमाले भन्दा मेरो आँखाबाट अविरल आँसुको वर्षा भएको थियो। त्यसैले अहिले पनि मेरा यिनै आँसुका वर्षासहित बिदा माग्छु र फेरि तिम्रो लागि त्यही प्यारो शब्द दोहोर्‍याउँछु, मेरो प्यारो साथी, दास्विदानिया !

तिम्री अत्यन्तै मायालु साथी लेना।

रमेशले यो चिठी धेरैपटक दोहोर्‍यायो र धेरैपटक अक्षरहरू हेरिरह्यो। त्यसपछि चिठी पट्याएर हिफाजतसाथ खाममा राख्यो र खामका अक्षर फेरि हेरिरह्यो, अनि मनमनै श्रुति दाइलाई पुनः धन्यवाद दियो। त्यसपछि पुरानो सोंचाइको शृंखलामा आयो र मनमनै भन्न थाल्यो “हो, अब मसँग उपलब्धि छ त्यो उपलब्धि ‘रेड डिल्पोमा विथ् अनर्स’ मात्र होइन कि ‘विथ् दिस् लेटर’ पनि हो” भनेर चिठी खल्तीमा हाल्यो। त्यसपछि ऊ प्रशन्न भयो र उठेर साथीहरू बसेको ठाउँमा उनीहरूलाई भेट्न गयो।

(साभार : ज्वाला उपन्यास)